# स्थानीय राजपत्र

सैनामैना नगरपालिका, रूपन्देहीद्वारा प्रकाशित

खण्ड ३) सैनामैना नगरपालिका, २० असार २०७६ साल (संख्या ३

## भाग–१

### सैनामैना नगरपालिका, रूपन्देही

### संवत् २०७६ सालको ऐन नं. ३

### ऐनको नाम : सैनामैना नगरपालिकाको कार्य सम्पादनमा आधारित प्रोत्साहन सुविधा उपलब्ध गराउने (कार्यविधि सम्बन्धी) ऐन, २०७६

**प्रस्तावना:** स्थानीय तहको काम, कर्तव्य र अधिकार तथा नगरपालिकाको समृद्धि र विकासको लागि इमान्दार, कर्तव्यनिष्ठ एवं उच्च मनोवलयुक्त जनशक्तिलाई काम प्रति उत्प्रेरित बनाई सेवामा टिकाइ राख्न तथा निजहरुको कार्य सम्पादनको स्तरमा सुधार ल्याउन, उपलब्ध जनशक्तिलाई नगरपालिकाको नीतिगत, प्रशासनिक एवं संरचनागत विकासमा टेवा पुऱ्याई नगरपालिकाको दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य र नीति कार्यान्वयन गर्न तथा उच्च कार्यक्षमता भएका कर्मचारीहरुलाइ उनिहरुको दक्षता योग्यता,



Scanned with CamScanner

क्षमता, सीप र अनुभवलाई कार्यसम्पादनमा उपयोग गर्न आवश्यक मापदण्ड बनाई योगदानमा आधारित सुविधा उपलव्ध गराउन वाञ्छनीय भएकोलले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ को उपदफा (४) तथा प्रदेश नं ५ अर्न्तगतका गाउँ सभा र नगर सभाको कानून निर्माण प्रक्रियाका सम्बन्धमा बनेको ऐन, २०७५ को दफा २७ ले दिएको अधिकारको प्रयोग गरी सैनामैना नगर सभाले यो कार्यविधि ऐन बनाई जारी गरेको छ ।

## *परिच्छेद -१*

## *प्रारम्भिक*

### १. संक्षिप्त नाम र प्रारम्भ :

१.१ यस कार्यविधिको नाम **"कार्य सम्पादनमा आधारित प्रोत्साहन सुविधा उपलव्ध गराउने (कार्यविधि सम्बन्धी) ऐन, २०७६"** हुनेछ ।

१.२ यो कार्यविधि २०७६ श्रावण १ गते देखि लागु हुनेछ ।

### २. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) **"सभा"** भन्नाले सैनामैना नगरपालिकाको नगर सभालाई सम्झनुपर्दछ ।

(ख) **"नगरपालिका"** भन्नाले सैनामैना नगरपालिकालाई सम्झनु पर्दछ ।

(ग) **"कार्यपालिका"** भन्नाले सैनामैना नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) **"प्रमुख"** भन्नाले सैनामैना नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।



Scanned with CamScanner

(ङ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले सैनामैना नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(च) **"कार्यविधि"** भन्नाले सैनामैना नगरपालिकाको कार्यसम्पादनमा आधारित प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७६ लाई सम्झनु पर्दछ।

(छ) **"कर्मचारी"** भन्नाले सैनामैना नगरपालिका तथा वडा कार्यालयमा कार्यरत र नेपाल सरकारबाट कामकाज गर्न खटिआएका स्वीकृत दरवन्दी भित्रका स्थायी कर्मचारी तथा करारमा कार्यरत कर्मचारी समेतलाई सम्झनु पर्दछ।

## परिच्छेद्र-२

## प्रोत्साहन सुविधा उपलव्ध हुने अवस्था

३. **देहायको अवस्थामा कर्मचारीहरुलाइ देहाय वमोजिम प्रोत्साहन सुविधा उपलव्ध गराईनेछ।**

क) नियमित कार्यालय समय भन्दा अतिरिक्त समयमा कार्यालयको आवश्यकता अनुसार उपस्थित भै कार्य गरेमा,

ख) सार्वजनिक विदाका दिनमा समेत आयोजना हुने नगरपालिकाका विभिन्न कार्यक्रम तथा अभियानहरुमा सहभागी भएमा,

ग) वार्षिक लक्ष्य पुरा गरेमा,

घ) तोकिएको अन्य कार्यहरु गरेमा।

४. दफा (३) बमोजिम काम गरे वापत कर्मचारीहरुलाई शुरु स्केलको १० प्रतिशत बरावरको रकममा नबढ्ने गरी प्रोत्साहन सुविधा उपलव्ध गराइनेछ।

तर वार्षिक नीति तथा कार्यक्रम, योजना कार्यान्वयन, बजेट तयार गर्न तथा नगरसभाको तयारीमा खटिएको अवस्थामा



Scanned with CamScanner

नगर कार्यपालिकाबाट निर्णय गरी उल्लेखित कार्यमा खटिने कर्मचारीहरुलाई थप प्रोत्साहन सुविधा उपलब्ध गराउन सकिने छ ।

## परिच्छेद्र-३
## प्रोत्साहन सुविधा उपलब्ध नहुने अवस्था

**५. देहायको अवस्थामा कर्मचारीहरुलाइ प्रोत्साहन सुविधा उपलब्ध गराईने छैन ।**

क) अनुशासनहीन काम गरेमा ।

ख) तोकिएको जिम्मेवारी पुरा नगरेमा ।

ग) विना जानकारी कार्यालयमा अनुपस्थित भएमा ।

घ) कार्यालय समयमा मादक पदार्थ सेवन गरी कार्यालयमा उपस्थित भएमा ।

ङ) एक महिनामा सात दिन भन्दा बढी विदा बसेमा ।

च) कार्यालय समयमा पटक पटक तोकिएको पोशाक नलगाई आएमा ।

छ) नगरपालिकाको नगरसभा अधिवेशनवाट यो शिर्षकमा विनियोजन भएको रकम अपुग भएमा ।

तर दफा (५) को (छ) को प्रयोजनको लागि नगर सभाले अनुमोदन गर्ने गरी नगर कार्यपालिकाले पूर्व स्वीकृत गरेमा प्रोत्साहन सुविधा उपलब्ध गराउन बाधा पर्नेछैन ।



Scanned with CamScanner

## परिच्छेद-४

## विविध

६. **कार्यविधिको संशोधन तथा हेरफेर :** यस कार्यविधि ऐनका प्रावधानहरुमा नगर सभाले आवश्यक हेरफर तथा संशोधन गर्न सक्नेछ ।

पारित मितिः २०७६/०३/२०

आज्ञाले
**कृष्ण प्रसाद भण्डारी**
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner